# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, माघ २५ गते, २०८० साल (संख्या ५३

## भाग ३

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

## सूचना

### अख्तियार दुरुपयोग अनुसन्धान आयोग (दोस्रो संशोधन) नियमावली, २०८०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (दोस्रो संशोधन) नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २ मा संशोधनः</u>** अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) मा रहेका "दफा १२" भन्ने शब्दहरुको सट्टा "दफा २०" भन्ने शब्दहरु राखिएका छन् ।

३. **<u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४ को उपनियम (२) को,-

(१) खण्ड (झ) मा रहेका "नेपाल सरकारका कार्यालय," भन्ने शब्दहरुपछि "प्रदेश सरकारका कार्यालय, स्थानीय तह," भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ञ) मा रहेको "सिर्जनशील" भन्ने शब्दको सट्टा "प्रवर्धनात्मक" भन्ने शब्द राखिएको छ ।

४. **<u>मूल नियमावलीको नियम ६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६ को उपनियम (४) मा रहेका "पत्रपत्रिका वा प्रकाशनमा प्रकाशित भएको" भन्ने शब्दहरुको सट्टा "छापा वा विद्युतीय माध्यमबाट प्रकाशित वा प्रसारित भएको वा अन्य कुनै माध्यमबाट जानकारी भएको" भन्ने शब्दहरु राखिएका छन् ।

५. **<u>मूल नियमावलीमा नियम ७क. थपः</u>** मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छः-

"७क. <u>उजुरीको परीक्षण तथा वर्गीकरणः</u> (१) आयोगमा दर्ता भएका उजुरीको परीक्षण तथा वर्गीकरण गरी आयोग समक्ष सिफारिश गर्न आयोगले तोके बमोजिमको उजुरी परीक्षण तथा वर्गीकरण समिति रहनेछ।

(२) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिम हुनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **<u>मूल नियमावलीको नियम ९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९ मा रहेका "नेपाल सरकारको कुनै निकायमा भएको अनुचित कार्य" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य सार्वजनिक संस्थाहरुको कुनै निकायमा भएको कुनै कार्य" भन्ने शब्दहरु राखिएका छन् ।

७. **<u>मूल नियमावलीको नियम १० मा संशोधनः</u>** मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (१) को खण्ड (क) र (ख) झिकिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) आयोगमा परेको कुनै उजुरीसँग सम्बन्धित विषयमा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेको वा अन्य कुनै कारणले कारबाही गर्न बाधा अड्काउ परेमा आयोगले त्यस्तो उजुरी मुल्तवीमा राख्न सक्नेछ ।"

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (२) बमोजिमको मुद्दा किनारा लागेमा वा उजुरी मुल्तवीमा राख्ने कारण समाप्त भएमा आयोगले त्यस्तो उजुरीलाई जगाउनु पर्नेछ ।"

८. **<u>मूल नियमावलीमा नियम १२क. थपः</u>** मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छः-

"१२क. <u>समिति वा कार्यटोली गठन गर्न सक्नेः</u> (१) आयोगले अनुसन्धान अधिकृतलाई सहयोग गर्नको लागि आवश्यकता अनुसार समिति वा कार्यटोली गठन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम गठित समिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार त्यसरी गठन गर्दाकै अवस्थामा आयोगले तोके बमोजिम हुनेछ।"

**९. मूल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः-

"१३. अनुसन्धान अधिकृतको हेरफेरः (१) आयोगले कुनै विषयमा अनुसन्धान तहकिकात गर्न तोकेको अनुसन्धान अधिकृतले आफूलाई तोकिएको काम कुनै कारणवस सम्पन्न गर्न नसकेमा, नभ्याएमा वा निजबाट सो काम सम्पन्न हुन नसक्ने भएमा वा निजको स्वार्थ बाझिने भएमा आयोगले अर्को अनुसन्धान अधिकृत तोकी पुनः अनुसन्धान तहकिकात गराउन वा अनुसन्धान अधिकृत थपघट गरी साबिकको अनुसन्धान अधिकृतले सम्पन्न गर्न बाँकी रहेको कार्य सम्पन्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुसन्धान अधिकृत हेरफेर भएमा साविकको अनुसन्धान अधिकृतले आफूले गरेको कामको प्रगति विवरण सम्बन्धित फाईलमा राखी सचिव समक्ष पेश गर्नु पर्नेछ ।"

**१०. मूल नियमावलीको नियम १४ मा संशोधनः** मूल नियमावलीको नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छः-

"१४. सोधपुछ वा बयान लिन सूचना पठाउनु पर्नेः (१) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई अख्तियार दुरुपयोग सम्बन्धी कार्यको छानबिनको सिलसिलामा आयोगले ऐनको दफा १९ बमोजिम सोधपुछ वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बयानका लागि झिकाउँदा देहाय बमोजिम सूचना गर्नु पर्नेछः-

(क) कुनै सार्वजनिक संस्थामा कार्यरत व्यक्तिलाई पत्राचार गरी सोही संस्था वा कार्यालय मार्फत।

(ख) आयोग वा अनुसन्धान अधिकृतले उपयुक्त ठानेमा वा खण्ड (क) बमोजिम पत्राचार गर्दा उक्त व्यक्ति उपस्थित नभएमा अनुसूची-३ बमोजिमको ढाँचामा आयोगको अधिकृत कर्मचारी वा अनुसन्धान अधिकृतले पठाएको प्रहरी कार्यालय मार्फत ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिए तापनि आयोगले तत्काल पक्राउ गरी अनुसन्धान गर्न उपयुक्त ठानेको व्यक्ति वा उपनियम (१) बमोजिम सूचना गर्दा उपस्थित नहुने व्यक्तिलाई यस नियमावली वा प्रचलित कानून बमोजिम अनुसन्धान अधिकृतले पक्राउ गर्न वा त्यस्तो व्यक्ति पक्राउ गर्न अनुसन्धान अधिकृतले आयोगमा कार्यरत प्रहरी कर्मचारीलाई खटाउन वा सम्बन्धित प्रहरी कार्यालयलाई लेखी पठाउन सक्नेछ । त्यसरी आयोगबाट वा सम्बन्धित प्रहरी कार्यालयबाट खटिएको प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई पक्राउ गरी अनुसन्धान अधिकृत समक्ष उपस्थित गराउनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. **मूल नियमावलीमा नियम १४क. थपः** मूल नियमावलीको नियम १४ पछि देहायको नियम १४क. थपिएको छः-

"१४क. साक्षी वा विशेषज्ञ उपस्थित गराउन सूचना दिनेः आयोग वा अनुसन्धान अधिकृतले साक्षी वा सम्बन्धित विषयमा जानकार व्यक्ति वा विशेषज्ञलाई झिकाउँदा अनुसूची-४ बमोजिमको ढाँचामा आयोगको कर्मचारी वा सम्बन्धित प्रहरी कार्यालय मार्फत सूचना दिनु पर्नेछ।"

१२. **मूल नियमावलीको नियम १६ मा संशोधनः** मूल नियमावलीको नियम १६ मा रहेको "अभियुक्तलाई" भन्ने शब्दको सट्टा "शङ्कित वा आरोपित व्यक्तिलाई" भन्ने शब्दहरु राखिएका छन्।

१३. **मूल नियमावलीको नियम १७ मा संशोधनः** मूल नियमावलीको नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छः-

"१७. तितिम्बा बयान वा थप जानकारी लिन सक्नेः अनुसन्धानको सिलसिलामा आयोगले शङ्कित वा आरोपित व्यक्ति वा जानकार व्यक्तिलाई झिकाई तितिम्बा बयान वा थप जानकारी लिन सक्नेछ ।"

१४. **मूल नियमावलीको नियम १८ मा संशोधनः** मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ राखिएको छः-

"१८. पक्राउ पूर्जीः (१) अनुसन्धानको सिलसिलामा कसैलाई पक्राउ गर्नु परेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई अनुसूची-७ बमोजिमको ढाँचामा पक्राउ पूर्जी दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबुद



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नष्ट गर्ने सम्भावना भएमा अनुसूची–७क. बमोजिमको ढाँचामा तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी त्यस्तो व्यक्तिलाई पक्राउ गरी स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ।"

**१५. <u>मूल नियमावलीको नियम २० मा संशोधनः</u>** मूल नियमावलीको नियम २० को,-

(१) उपनियम (२) मा रहेका "फेला नपरेमा" भन्ने शव्दहरुपछि "वा" भन्ने शव्द थपिएको छ ।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खानतलासी तथा बरामदी सम्बन्धी कार्य गर्दा प्रचलित कानूनमा व्यवस्था गरिएका रीत, प्रक्रिया वा ढाँचा बमोजिम गरिएको भएमा त्यस्तो खानतलासी तथा बरामदी मुचुल्कालाई समेत यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।"

**१६. <u>मूल नियमावलीको नियम २१ मा संशोधनः</u>** मूल नियमावलीको नियम २१ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (१) बमोजिम धरौटी राखी तारेखमा रहेको आरोपित व्यक्तिले आयोगबाट तोकिएको तारेख गुजारी बसेमा अनुसन्धान अधिकृतले त्यस्तो धरौटी जफत गर्न सक्नेछ ।"

**१७. <u>मूल नियमावलीको नियम २३ मा संशोधनः</u>** मूल नियमावलीको नियम २३ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेका "आफ्नो राय सहितको" भन्ने शब्दहरुपछि "विस्तृत अनुसन्धान" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) विस्तृत अनुसन्धान प्रतिवेदन परीक्षण गर्न आयोगले आवश्यकता अनुसार पूर्णता परीक्षण समिति गठन गरी त्यसको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ ।"

**१८. <u>मूल नियमावलीको नियम २६ मा संशोधनः</u>** मूल नियमावलीको नियम २६ मा रहेका "अनुसन्धान अधिकृतले" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान अधिकृत वा आयोगले तोकेको अधिकृतले" भन्ने शब्दहरु राखिएका छन् ।

**१९. <u>मूल नियमावलीको नियम २७ मा संशोधनः</u>** मूल नियमावलीको नियम २७ को सट्टा देहायको नियम २७ राखिएको छः-

"२७. <u>आरोपपत्रमा खुलाउनु पर्ने कुराहरुः</u> (१) भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गर्दा आरोपपत्रमा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) प्रतिवादीको स्थायी र अस्थायी तथा अन्य सम्पर्क ठेगाना (बसोवास गरेको गाउँपालिका वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं., सम्पर्क नं.) सहित नामथर, उमेर, पेसा, व्यवसाय, बाजे, बाबु र आमाको नाम साथै विवाहित महिलाको हकमा पति,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सासु ससुराको नाम र पुरुषको हकमा पत्नीको नाम,

(ख) सार्वजनिक पद धारण गर्ने व्यक्तिले भ्रष्टाचारजन्य कार्य गर्दा सम्बद्ध रहेको पद, मिति, प्रयोग गर्ने अधिकार, निर्वाह गर्नुपर्ने दायित्व वा कर्तव्यसम्बन्धी कुराहरु,

(ग) आरोप वा अभियोग लगाइएका विषय वा तथ्यहरु,

(घ) सम्बद्ध कानून,

(ङ) कानून र तथ्यको विश्लेषण,

(च) गैरकानूनी लाभ वा हानी पुऱ्याएकोमा क-कसलाई लाभ वा हानी पुऱ्याएको देखिने हो सो कुरा,

(छ) हानिनोक्सानीको बिगो देखिनेमा सो बिगो,

(ज) कसुरको मात्रा निर्धारण गर्ने आधार,

(झ) सजायको मागदाबी,

(ञ) थप सजायको मागदाबी सम्बन्धी विषय,

(ट) प्रचलित कानून बमोजिम पहिचानको गोपनीयता कायम राख्नुपर्ने भए सो सम्बन्धी विषय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम कुनै व्यक्तिलाई सरकारी साक्षी बनाएको भए सो विषय,

(ड) आरोपपत्रसाथ पेश भएको सम्पत्ति जफत वा फिर्ता भराउनु पर्ने वा रोक्का हुनुपर्ने के हो सोको स्पष्ट दाबी,

(ढ) आरोपपत्रसाथ पेश भएका वस्तु सम्पत्ति जफत वा फिर्ता गर्नुपर्ने भएमा को कसलाई फिर्ता गर्नुपर्ने हो सो कार्यालय वा व्यक्तिको सम्बन्धमा खण्ड (क) मा लेखिए जस्तै विवरण र सो विवरण पुष्टि हुने कागज प्रमाण,

(ण) आरोपपत्रसाथ पेश भएको सम्पत्ति रहेको स्थान, दर्तावालको पूरा विवरण, सम्पत्तिको किसिम, प्रकृति, क्षेत्रफल, परिमाण, तौल, मोडेल नं.इत्यादि विवरण,

(त) विगो भराउने तथा सम्पत्ति फिर्ता गर्ने प्रयोजनलाई मात्र प्रतिवादी बनाएको भए सो बिषय,

(थ) सम्बद्ध देखिने अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) बमोजिम अदालतमा आरोपपत्र दायर गर्दा त्यस्तो आरोपपत्र दायर गर्ने अधिकृतलाई अधिकार प्रत्यायोजन गरिएको अख्तियारी वा त्यस्तो आरोपपत्र दायर गर्ने सम्बन्धमा आयोगको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्णय र सम्बन्धित मिसिल तथा प्रमाण साथै पेश गर्नुपर्नेछ ।

(३) उपलब्ध भएसम्म प्रतिवादीको फोटो सहितको वास्तविक पहिचान खुल्ने विवरण र निजको नागरिकता वा राहदानी वा सवारी चालक इजाजतपत्र वा वास्तविक परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि मिसिल संलग्न गरी प्रतिवादी पक्राउ परेको अवस्थामा निजलाई आरोपपत्र साथ अदालतमा उपस्थित गराउनु पर्नेछ । प्रतिवादीलाई उपस्थित नगराइएको वा गराउन नसकेको भए सो को कारण उल्लेख गर्नुपर्नेछ।

(४) आरोपपत्रसाथ अदालतमा पेश भएको भए तापनि जफतको मागदावी नभएका नगद तथा अन्य दशीका सामानको धनी वा जिम्मा लिएको सम्बन्धित व्यक्तिलाई फिर्ता दिन अदालतमा अनुरोध गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिम तयार गरेको आरोपपत्र बमोजिम कुनै अभियोग लगाउनु पर्ने व्यक्ति छुट हुन गएको अवस्थामा आयोगले थप आरोपपत्र पेस गर्न सक्नेछ ।”

**२०. <u>मूल नियमावलीको नियम २८ मा संशोधन</u>:** मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छः-

“२८. <u>मुद्दा दायरीको सूचना</u>: (१) सार्वजनिक पदधारण गरेको व्यक्तिउपर मुद्दा दायर भएपछि अनुसन्धान अधिकृतले मुद्दा दायर भएको मितिले तीन दिनभित्र सम्बन्धित अख्तियारवालालाई सो कुराको सूचना दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त हुनासाथ सम्बन्धित अख्तियारवालाले सम्बन्धित व्यक्तिलाई तत्काल निलम्बन गरी सोको जानकारी यथाशिघ्र आयोगलाई गराउनु पर्नेछ ।

(३) मुद्दा दायर भएको व्यक्ति सेवाबाट अवकाश भईसकेको भए सो सम्बन्धमा निजको सेवा सँग सम्बन्धित अभिलेख राख्ने कार्यालय र निवृत्तिभरण कार्यालयलाई समेत जानकारी दिनु पर्नेछ। "

**२१. मूल नियमावलीको नियम ३२ मा संशोधनः** मूल नियमावलीको नियम ३२ को सट्टा देहायको नियम ३२ राखिएको छः-

"३२. सम्पत्ति रोक्का सम्बन्धी व्यवस्थाः (१) आयोगमा परेको उजुरीको अनुसन्धान तहकिकातको सिलसिलामा कुनै शङ्कित वा आरोपित व्यक्ति वा निजको तर्फबाट जमानीको रुपमा अचल सम्पत्ति, नगद धरौटी वा बैङ्क ग्यारेण्टी लिइएकोमा त्यसको केन्द्रीय अभिलेख अनुसूची-१३क. बमोजिम राख्नु पर्नेछ ।

(२) आयोगमा परेको उजुरीको अनुसन्धानको सिलसिलामा कुनै शङ्कित वा आरोपित व्यक्तिको वा निजको प्रचलित कानून बमोजिम हक खाने हकदारको नामको चल अचल सम्पत्ति वा विवादित सम्पत्ति, सरकारी वा सार्वजनिक सम्पत्ति वा कसुरजन्य सम्पत्तिको संरक्षणका लागि आवश्यकता अनुसार त्यस्तो सम्पत्ति आयोगले रोक्का राख्न सक्नेछ र यसरी जग्गा रोक्का राखिएकोमा त्यस्तो जग्गाको विवरण अनुसूची-१३ख. बमोजिम राख्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**२२. <u>मूल नियमावलीको नियम ३६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३६ को,-

(१) उपनियम (१) मा रहेको "कार्यालयलाई" भन्ने शब्द पछि "र माग गर्ने सरोकारवाला व्यक्तिलाई" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (२) मा रहेको "आदेश" भन्ने शब्दको सट्टा "निर्णय" भन्ने शब्द राखिएको छ ।

**२३. <u>मूल नियमावलीको नियम ३९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३९ को,-

(१) उपनियम (१) मा रहेका "अवस्थामा परेमा" भन्ने शब्दहरुको सट्टा "अवस्था परेमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "अनुचित कार्य" भन्ने शब्दहरुको सट्टा "अन्य कार्य" भन्ने शब्दहरु राखिएका छन् ।

**२४. <u>मूल नियमावलीको नियम ४२ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४२ मा रहेको "नियम" भन्ने शब्दको सट्टा "नियमावली" भन्ने शब्द राखिएको छ ।

**२५. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u>** मूल नियमावलीको,-

(१) अनुसूची- १ झिकिएको छ ।

(२) अनुसूची- ३ मा रहेका,-

(क) "नियम १४ सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "नियम १४ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख)“बयान/स्पष्टीकरण लिनुपर्ने” भन्ने शब्दहरुको सट्टा “सोधपुछ गर्नुपर्ने/बयान लिनुपर्ने” भन्ने शब्दहरु राखिएका छन्।

(३) अनुसूची-४ मा रहेका "नियम १४ सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "नियम १४क. सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन्।

(४) अनुसूची-७ मा रहेका "नियम १८ सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "नियम १८ को उपनियम (१) सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन्।

(५) अनुसूची-७ पछि संलग्न बमोजिमको अनुसूची-७क. थपिएको छ ।

(६) अनुसूची-१२ मा रहेका “मुलुकी ऐन अ.वं.१२४ नं. र १२४क, नं. बमोजिम” भन्ने शब्दहरुको सट्टा “मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७४ बमोजिम” भन्ने शब्दहरु राखिएका छन् ।

(७) अनुसूची-१३ मा रहेका “अ.वं. १२४क. बमोजिम” भन्ने शब्दहरुको सट्टा “मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७४ को उपदफा (४) बमोजिम” भन्ने शब्दहरु राखिएका छन् ।

(८) अनुसूची-१३ पछि संलग्न बमोजिमको अनुसूची-१३क. र अनुसूची-१३ख. थपिएका छन् ।

(९) अनुसूची-१६ मा रहेका “मोलाहिजा नगरी” भन्ने शब्दहरुपछि “र मेरो स्वार्थ नबाझिने गरी” भन्ने शब्दहरु राखिएका छन् ।

**२६. <u>खारेजी:</u>** मूल नियमावलीको नियम ५ खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची–७क.
(नियम १८ को उपनियम (२) सँग सम्बन्धित)
जरुरी पक्राउ पूर्जीको ढाँचा

श्री...............................
ठेगाना (टोल सहित)

तपाईँलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले यो पक्राउ पूर्जी जारी गरिएको छ ।

अनुसन्धान अधिकृत/अधिकृत कर्मचारीको,–
हस्ताक्षरः-
नाम, थरः–
पदः–
मितिः-

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची -१३क.

(नियम ३२ को उपनियम (१) सँग सम्बन्धित)

## जेथा जमानत वापतमा रोक्का रहेको सम्पत्तिको केन्द्रीय अभिलेखको ढाँचा

### अख्तियार दुरुपयोग अनुसन्धान आयोग

### जेथा जमानत वापतमा रोक्का रहेको सम्पत्तिको केन्द्रीय अभिलेख

| क.सं. | उ.द.नं. र मिति | उजुरी को संक्षिप्त व्यहोरा | शङ्कित/ आरोपित को नाम, थर, वतन | रोक्का मिति र च.नं. | रोक्का राख्ने निकाय | सम्पत्ति धनीको नाम, थर, वतन र ना.प्र.प.नं. | जमानत दिएको सम्पत्ति को विवरण | जमानतको अंक | प्रमाणित गर्ने आधिकारी को दस्तखत | फुकुवा भएकोमा सोको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

प्रमाणीकरण गर्ने अधिकृतः

हस्ताक्षरः-

नाम, थरः–

पदः–

मितिः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

अनुसूची -१३ख.

(नियम ३२ को उपनियम (२) सँग सम्बन्धित)

**<u>अनुसन्धानको सिलसिलामा रोक्का रहेको जग्गाको विवरण</u>**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसन्धानको सिलसिलामा रोक्का रहेको जग्गाको विवरण

| क. सं. | उ.द.नं. र मिति | उजुरी को संक्षिप्त व्यहोरा | शङ्कित/आरोपित को नाम, थर, वतन | रोक्का मिति र च.नं. | रोक्का राख्ने निकाय | जग्गाधनी को नाम, थर, वतन र ना.प्र.प.नं. | रोक्का रहेको जग्गाको ठेगाना सहितको सम्पूर्ण विवरण | रोक्का राख्नुपर्ने कारण | प्रमाणित गर्ने आधिकारीको दस्तखत | फुकुवा भएकोमा सोको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

<u>प्रमाणीकरण गर्ने अधिकृत:</u>

हस्ताक्षरः-

नाम, थरः–

पदः–

मितिः-"

**आज्ञाले,**

**रामेश्वर दंगाल**

**सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।